# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९।११।०१

पँलाता गाउँपालिका खानेपानी, सरसफाइ, स्वच्छता इकाई / दिगो खानेपानी सरसफाइ तथा स्वच्छता आयोजना (SUSWA) अन्तरगत पलाँता गाउँपालिकामा सञ्चालित तपसीलका खानेपानी तथा सरसफाइ योजनाहरुका तथा विद्यालयको शौचालय निर्माण लागि आयोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी योजना तथा शौचालय निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरु, पाइपहरु, फिटीङ्गस् तथा औजारहरु खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, दरभाउपत्र साथ उपलव्ध गराइएको स्पेशीफिकेशन वमोजिमको तौल र गुणस्तरका सामानहरु सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

शर्तहरुः

१. विभिन्न निर्माण सामग्रीहरु, पाइपहरु, फिटीङ्गस् तथा औजारहरु सप्लाई सम्बन्धी दरभाउपत्र फारम प्रति फाराम रु. ३००० अक्षरेपी रु. तीन हजार मात्र (पछि फिर्ता नहुने गरी) पलाँता गाउँपालिकाको नबिल बैंकको पलाँता शाखामा रहेको सञ्चित/आन्तरिक कोष खाता नं. ०७५०१०१७५००२६३ मा जम्मा गरी लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र, निवेदन साथ संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले पन्ध्रौ दिनको कार्यालय समय भित्र सम्बन्धित गाउँपालिकाको कार्यालय, सुस्वा आयोजना, आयोजना सहयोग इकाई सुर्खेत बाट खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौं) दिनको दिउसो १२:०० बजे भित्र फाराम खरिद गरिएको कार्यालय वा सम्बन्धित पलाँता गाउँपालिकाको कार्यालयमा दर्ता गराउनु पर्नेछ । साथै दरभाउ पत्र खरिद गरेको सक्कलै बैंक जम्मा भौचर सहित दरभाउपत्र फाराम सिलबन्दी गरी सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्गस् सप्लाई सम्वन्धी दरभाउपत्र भन्ने व्यहोरा लेखुपर्नेछ ।

३. सिलवन्दी दरभाउ पत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६औं (सोहौ) दिनको दिउसो १२.०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४. सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिहरुले समुह "क" को हकमा पलाँता गाउँपालिका वडा न ६ जाँफेमा र समुह "ख" को हकमा पलाँता गाउँपालिका वडा नं. ९ घाटाचौर मा रहेको उपभोक्ता समितिहरुको गोदाममा ढुवानी भै चेकजाँच भएपछि मात्र सम्बन्धित उपभोक्ता समिति बाट गरिनेछ ।तसर्थ दरभाउपत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन ।

५. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु संकलन गरी मिति २०७९।११।१६ गते पलाँता गाँउपालिकाको कार्यालयमा दिउसो १२.०० बजे उपभोक्ता समितिका खरिद समितिका प्रतिनिधिहरु, साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

६. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ ।

७. दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेखुपर्नेछ ।अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

८. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ ।

१०.अन्य शर्तहरु परियोजनाको खरिद कार्यविधि वमोजिम हुनेछ । थप शर्तहरु दरभाउपत्र साथै संलग्न गरिएको छ ।

११.यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना पलाँता गाउँपालिकाको सूचना पाटीमा टाँस गरिनेछ ।

१२.अन्य थप जानकारी चाहिएमा पलाँता गाउँपालिका वास इकाईका वास संयोजक धिर भण्डारीको सम्पर्क नं. ९८४८३३१६४७ सम्पर्क गर्न सकिनेछ ।

तपसील

**समुह "क" (ढुवानी गर्नुपर्ने ठाउँ: पँलाता- ६ जाँफेमा)**

१. जाँफे खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, कालीकोट जिल्ला पलाँता गाउँपालिका वडा नं. ६

२. तुसारे खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, कालीकोट जिल्ला पलाँता गाउँपालिका वडा नं. ६,५

**समुह "ख" (ढुवानी गर्नुपर्ने ठाउँ : पँलाता-९, घाटाचौर )**

१. थला तल्सेरी गडगडे खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, कालीकोट जिल्ला, पलाँता गाउँपालिका वडा नं. २

२. सरस्वती माध्यमिक बिद्यालय शौचालय निर्माण (बि.व्य.स.), कालीकोट जिल्ला, पलाँता गाउँपालिका वडा नं. २

३. कालीका माध्यमिक बिद्यालय शौचालय निर्माण (बि.व्य.स.), कालीकोट जिल्ला पलाँता गाउँपालिका वडा नं. ४

संयुक्त खरिद समिति

पँलाता, कालिकोट